नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुस्मा, पर्वत

निर्णयहरु

१. नेपाल सरकार (मन्त्रिपरिषद) बाट २०७७ साउन ५ गते स्वीकृत भएको विपद् पीडित उदार र राहत सम्बन्धी (सातौ संशोधन) मापदण्ड २०७७ को वारेमा र विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन राष्ट्रिय परिषदबाट निर्णय भई गृह मन्त्रालयको च न ३१३ मिति २०७७।३।२८ को पत्रमार्फत कार्यान्वयनका लागि लेखि आएको सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

२. वर्षातको समय अझै बाँकि रहेकोले सडक अवरोध हुन नदिन सम्बन्धित कार्यालय/आयोजना/निर्माण ब्यवसायीले डोजर स्क्याभेटर जस्ता उदारका सामान स्टाण्डवाई राख्ने, विधुत टेलिफोन तथा सञ्चार सेवा अवरोध नहुने गरी सम्बन्धित निकायले तयरी गर्ने, सबै क्लष्टरले आ आफ्नो तयारी गरी स्टाण्डवाई अवस्थामा रहने निर्णय गरियो ।

३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा पहिचान भएका र हालको अवस्थालाई आँकलन गर्दा उच्च जोखिमयुक्त क्षेत्रमा वसोवास गर्दै आएका वासिन्दालाई अन्य सुरक्षित स्थानमा अस्थायी तवरले स्थानान्तरण गर्नुपर्ने स्थितिमा सम्बन्धित स्थानीय तहको समन्वय र सहकार्यमा जिल्ला विपद् ब्यवस्थापन समितिबाट निर्णय गराइ उच्च जोखिममा रहेका त्यस्ता वासिन्दालाई अस्थायी रुपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने भनी मिति २०७७ असार २६ गते सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा वसेको विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन राष्ट्रिय परिषदबाट निर्णय भई गृह मन्त्रालयको च न ३१३ मिति २०७७।३।२८ को पत्रमार्फत कार्यान्वयनका लागि लेखि आएको विषयमा सबै पालिकाले आआफ्नो पालिकाभित्र त्यस्ता स्थान भएको पाइएमा एक आपसमा समन्वय गरी अस्थायी स्थानान्तरणका लागि पहल गर्ने निर्णय गरियो ।

४. माथि बुदा नं ३ मा उल्लिखित विषयका सम्बन्धमा यस जिल्लामा यसै वर्षको असार र साउनमा परेको अत्याधिक वर्षाका कारण पहिरो जाने भास्सिने भइ बस्तीहरु जोखिममा रहेको हुदा ती स्थानमा वस्ने मानिसहरुको स्थायी रुपमा सुरक्षित वसोवासको लागि आवश्यक ब्यवस्था गरिदिन उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय शहरी विकास मन्त्रालय गृह मन्त्रालय र खानी तथा भूगर्भ विभागमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

५. नेपाल सरकार गृह मन्त्रालयको च.नं. २१ मितिको २०७७।४।१ पत्रबाट माग भएबमोजिमको यस वर्षको मनसुन सुरु भएदेखि यस जिल्लाभर भएको क्षति अन्तरगत पूर्णक्षति भएका घर र जोखिममा परेका वस्ती वा घरको विवरण सबै पालिकाले संकलन गरी आ आफ्नो स्थानीय विपद् ब्यवस्थापन समितिबाट पारित गरी जिल्ला विपद् ब्यवस्थापन समिति/ जिल्ला प्रशासन कार्यालयमा पठाउने र जिल्ला प्रशासन कार्यालयले ती विवरण Compile गरी गृह मन्त्रालय र गण्डकी प्रदेश सरकारमा पठाउने निर्णय गरयो ।

०७७।४।११
शम्भु प्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुश्मा, पर्वत

६. खोज तथा उद्धारका सामानहरु संभावित विपद् जोखिमयुक्त स्थानको नजिकै रहने गरी भण्डारण (Prepositioning) गर्न पालिका र सुरक्षा निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. जिल्ला विपद व्यवस्थापन समितिको मातहतमा रहने गरी खोज तथा उदारका सामानको भण्डारण गर्ने र न्यूनतम २५ जना उदारकर्मीलाई उदार कार्यमा प्रयोग गर्न आवश्यक उदार सामानको ब्यवस्था गर्ने र यसका लागि सबै पालिकाले सहयोग गर्ने निर्णय गरियो

८. माथि उल्लिखित विपद् पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी काम गर्दा कोभिड १९ को संक्रमणबाट जोगिने गरी गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

९. यस जिल्लामा सञ्चालनमा रहेको आयोजनाको काम समयमै सम्पन्न गर्न र सरकारले तोकेको कोभिड १९ सम्बन्धी मापदण्डको पालाना गर्ने गरी सबै कार्यालय/आयोजना/निर्माण व्यवसायीले ढिलो नगरी काम शुरु गर्ने र सोको लागि आवश्यक पर्ने सहयोग र सहजिकरण सबै पालिका र जिल्ला प्रशासन कार्यालयले गर्ने निर्णय गरियो ।

१० यस जिल्लामा जिल्ला विपद् व्यवस्थापन कोषबाट खर्च भै अनुमोदन हुन बाँकि गत चैत्र महिनाको रु १० हजार जेठ महिनाको ८ लाख ५८ हजार असार महिनाको ५ लाख ७२ हजार र साउन ९ गतेसम्मको ५ हजार र प्रदेशबाट कुश्मा न.पा. ३ दुर्लुङ मा २०७७ जेष्ठ ३१ गते गएको पहिरोबाट मृत्यु भएकाका आफन्तहरुलाई उपलब्ध गराइएको राहतसमेत २०७७ साउन ९ गतेसम्म उक्त कोषबाट भएको खर्च रु १८४५०००। (अक्षर रुपी रु अठार लाख पैतालिस हजार) समर्थन तथा अनुमोदन गर्ने निर्णय गरियो ।

११. गण्डकी प्रदेश प्रहरी अन्तरगत विपद् ब्यवस्थापन गुल्म स्थापना गर्न नेपाल प्रहरीको लागि आवश्यक पर्ने जग्गा यस जिल्लाको मोदी गा.पा. वडा नं. ३ को देउराली भन्ने स्थानमा रहेको किता नं २७० को करीब ४६२ रोपनी जग्गा नेपाल प्रहरीलाई उपलब्ध गराउन सिफारिश गर्ने निर्णय गरियो ।

१२. यस जिल्लामा गत आ.ब. २०७६।७७ मा जिल्ला विपद् ब्यवस्थापन समिति र स्थानीय विपद् ब्यवस्थापन समितिबाट भए गरेका कार्यको विवरण संकलन गरी तयार पारिएको बार्षिक प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन नियमावली, २०७६ मा भएको प्रावधान अनुसार गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

०७७/४/११
शम्भु प्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी